

# प्रेरणा

# गुरुपूजा विशेषाङ्क

आत्मज्ञान प्रचार संघद्वारा प्रकाशित | वर्ष : २ | अङ्क : ७ | श्रावण २०७९ | अगस्त २०२२

## गुरु-शिष्यको सम्बन्ध र ज्ञानको अनुभव

गुरु र शिष्यको परम्परा प्राचीन समयदेखि चल्दै आएको छ। यो हिजोअस्तिको कुरा होइन हजारौं वर्ष पहिलेको कुरा हो। एक हजार वर्ष होइन, दुई हजार वर्ष होइन, पाँच हजार वर्षभन्दा पनि पहिलाको कुरा हो। यस प्रथामा एक जना गुरु हुन्छन् अनि अर्को शिष्य हुन्छ। शिष्य बुझ्न चाहन्छ। गुरुसँग शिष्यलाई बुझाउन सक्ने क्षमता हुन्छ। गुरुको काम उसलाई सम्झाउने बुझाउने मात्र पनि होइन। उसलाई ज्ञान दिनु पनि गुरुकै काम हो। त्यो ज्ञानका लागि उसलाई तयार पार्छन्। किनभने, मानिसलाई ज्ञान के हो भन्ने कुरा नै थाहा हुँदैन।

सारा कुराको प्रारम्भ जिज्ञासाबाट हुन्छ। जिज्ञासा नभएको मानिसले ज्ञानलाई कसरी बुझ्न सक्ला ? अनि ज्ञानलाई नबझेसम्म गुरुलाई कसरी बुझ्ला ?

> वास्तविक गुरुबाट ज्ञान प्राप्त गरेपश्चात् मानिसको हृदयमा प्रकाश उत्पन्न हुन्छ। त्यसपछि उसलाई गुरुको महत्त्वका बारेमा बोध हुन्छ।

दियोको अस्तित्व त्यसको बातीले होइन, प्रकाशले निर्धारण गर्दछ। हामीले बनाउने दियोको आकृतिले पनि होइन। प्रकाशकै कारणले दियोको अस्तित्व रहन्छ। निभिसकेको दियोको के अर्थ रहन्छ र ! उज्यालो हुन्जेलसम्मका लागि त्यो दियो हो। प्रकाशको अभावमा त्यो त केवल माटोमात्र हो अनि डढिसकेको बाती हो।

यसर्थ, जिज्ञासाको सहाराले नै ज्ञानलाई बुझ्न सकिन्छ। ज्ञानलाई बुझेपछि मात्रै गुरुको महत्त्व थाहा हुन्छ। वास्तविक गुरुबाट ज्ञान प्राप्त गरेपश्चात् मानिसको हृदयमा प्रकाश उत्पन्न हुन्छ। त्यसपछि उसलाई गुरुको महत्त्वका बारेमा बोध हुन्छ। यदि गुरुको महत्त्व नै थाहा छैन भने ज्ञानलाई पनि बुझ्न असमर्थ भइन्छ। अनि, ज्ञानका मार्गमा अघि बढ्न सकिँदैन।

गुरु र शिष्यका बिचमा एउटा वास्तविक सम्बन्ध हुन्छ। सत्यताको सम्बन्ध ! मान्छेका रूपमा आएको शिष्यको र मान्छेकै रूपमा गुरुबिचको सम्बन्ध। एउटा भैंसी र अर्को बिरालो, यस्तो होइन। किनकि, यस्तो भयो भने कुरा बुझाउन सकिँदैन। कसैले त मानिसको कमजोरीलाई बुझ्न सक्नुपर्छ। त्यहीअनुसार गुरुले मानिसलाई सम्झाउनुहुन्छ।

तपाईंले ज्ञान प्राप्त गर्नुभन्दा अगाडि तपाईंको वास्तविक आनन्द लिने कुनै योजना नै थिएन। वास्तविक गुरुले ज्ञान दिनुभएर जीवनमा एउटा थप योजनाका बारेमा बोध गराइदिनुभयो। यसर्थ, साँचो आनन्दको अनुभव गर्नुहोस्। तपाईंले यो आनन्दलाई प्राप्त गर्ने प्रयास गरुन्जेलसम्म तपाईंलाई यसको अनुभूति भइरहनेछ। मैले यसको प्रत्यक्ष अनुभव गरेको छु। यो म त्यसै भनिरहेको छैन। मैले आफ्नो जीवनमा आफ्नै आँखाले देखेको छु। नब्बे-नब्बे वर्षको मानिसलाई पनि देखेको छु। अठार वर्षको मानिसलाई देखेको छु। एक्काइस वर्षको मानिसलाई देखेको छु। यसको आनन्द लिइरहेका छन्। यो आनन्द त सबैका लागि एउटै हुन्छ। चाहे ऊ नब्बे वर्षको होस् या जीवनको अन्तिम श्वास लिइरहेको नै किन नहोस्।

## प्रेम रावतद्वारा नयाँ इतिहासको प्रारम्भ

सन् २०२२ को अप्रिल महिनामा भारतमा भएका कार्यक्रमहरूको शृङ्खलापछि मे महिनाको पहिलो हप्तामा प्रेम रावतले दक्षिण अफ्रिकामा सम्बोधन गर्नुभयो। उहाँ पहिलो पटक ५० वर्षअघि आफू १४ वर्षको हुँदा त्यहाँ पुग्नुभएको थियो। त्यहाँको सोवेटो शहरमा भएको ज्ञानसत्र कार्यक्रमको केही अंश टाइमलेस टुडे मार्फत परीक्षणका रूपमा प्रत्यक्ष प्रसारण गरी उहाँले नयाँ इतिहासको प्रारम्भ गर्नुभयो। त्यसपछि जिम्बाब्वेमा पहिलो पटक पुगेर त्यहाँको कारागारमा शान्ति शिक्षा कार्यक्रमका सहभागीहरूलाई सम्बोधन गर्नुभयो। अफ्रिकापछि युरोपका विभिन्न स्थानहरूमा शृङ्खलाबद्ध कार्यक्रम सम्पन्न भए। यसमा संयुक्त अधिराज्यको लन्डन तथा स्पेनको मड्रिडमा भएका कार्यक्रमहरू, जर्मनीमा भएको पुस्तक सार्वजनीकरण कार्यक्रम, जर्मनीमै सम्पन्न भएको ज्ञानसत्र कार्यक्रम तथा इटालीमा भएको ज्ञानअभ्यास कार्यक्रमहरू समावेश छन्। त्यस अतिरिक्त १७ जुनमा इङ्गल्यान्डको ग्लास्तेनबेरीमा भएको विशेष समारोहमा त्यहाँका नगरप्रमुखले प्रेम रावतलाई नगरको साँचो प्रदान गरी सम्मान गरेका थिए।

### यसभित्र

गतिविधिहरू
कथा : शिष्यको दम्भ : गुरुबाट भङ्ग !
कविता : गुरु र ज्ञान
कोरोनाकालको शिक्षा : नवीन सुरुवात !

रचनात्मक अभिव्यक्ति र ज्ञानमा प्रसन्नता जगाउन सक्नु गुरुको उत्कृष्ट कला हो। -अल्बर्ट आइन्स्टाइन

## अनलाइन कार्यक्रमहरू

| कार्यक्रमहरू | कार्यक्रम सङ्ख्या | सहभागीहरू |
|---|---|---|
| जिल्ला प्रचार संयोजक बैठक | ४ | २१ |
| प्रेम संवाद अन्तरक्रियात्मक कार्यक्रम | ९ | ४७१ |
| सार्वजनिक भिडियो कार्यक्रमहरू | ३२ | ९४५ |
| प्रेमी भिडियो कार्यक्रमहरू | ३५ | ६,३५३ |
| सामाजिक सञ्जाल सचेतना विशेष कार्यक्रम | २ | ५४ |
| विशेष प्रचार बैठक | २ | १२५ |

## अनलाइनबाटै 'शान्तिको उपहार' प्रसारण

प्रेम रावतको 'शान्तिको उपहार' भिडियोलाई अब अनलाइनका माध्यमबाट पनि हेर्न सकिने व्यवस्था भएको छ। डीभीडी उपलब्ध नभएको वा अन्य प्राविधिक व्यवस्थापन नभएको अवस्थामा पनि नयाँ व्यक्तिलाई ज्ञानसत्रसम्म पुऱ्याउन हाल आत्मज्ञान प्रचार संघले अनलाइन जुमका माध्यमबाटै उक्त शृङ्खलाबद्ध सन्देशलाई प्रसारण गर्दै आएको छ । हालसम्म सञ्चालित पाँचओटा कार्यक्रमबाट नयाँ व्यक्तिले आफूलाई ज्ञानसत्रसम्म पुऱ्याउनुभएको छ । आत्मज्ञान प्रचार संघले देशभरका नयाँ व्यक्तिको सहजताका लागि इच्छुक सहभागीको आवश्यकता अनुसार यो कार्यक्रमलाई निरन्तरता दिइरहेको छ।

## शान्ति सन्देशको प्रचारमा बढेको रौनक

कोरोना महामारीका कारण सुस्ताएको प्रेम रावतको शान्ति सन्देशको प्रचार कार्यले वर्तमान समयमा निरन्तरता पाएको छ। यो सन्देशसँग जोडिएका व्यक्तिहरूको सहकार्यमा हाल कोठे कार्यक्रम, क्यानोपी कार्यक्रमदेखि विद्यालय तथा अन्य सार्वजनिक स्थानमा प्रेम रावतको सन्देश प्रचार कार्यक्रमले तीव्रता पाएको छ। विशेष गरेर उदयपुर, झापा, काठमाडौं, पोखरादेखि देशका विभिन्न स्थानमा प्रचार अभियान अघि बढेको छ। अहिले मुलुकका विभिन्न स्थानमा सन्देश सुनाउने तथा नयाँ व्यक्तिलाई शान्ति पत्रिका प्रदान गर्ने काम भइरहेको छ। यसमध्ये पनि प्रेम रावतको 'हियर योरसेल्फ' नामक चर्चित पुस्तकलाई उपहारका रूपमा प्रदान गर्ने कार्यले थप रौनक छाएको छ।



## शान्ति सन्देशको सहजताले पारेको प्रभाव

प्रतिस्पर्धाको जमाना छ। अनेकन् सांसारिक जिम्मेवारी र तिनलाई पूरा गर्नुपर्ने बाध्यात्मक दौडमा मानिस मानौँ चक्रव्यूहमा फस्छ। ऊ उम्कनै सक्दैन । सबैप्रतिको जिम्मेवारी निर्वाह गर्दागर्दै आफूप्रतिको जिम्मेवारी नै बिर्सन्छ। मानिसले आफैंलाई बिर्सेपछि उसमा नैराश्यता, हीनताबोध, अशान्तिले डेरा जमाउन पुग्छ । त्यस्तो परिस्थितिमा आफूसँग जोडिन आफूप्रतिको जिम्मेवारी सम्झाउने अनि अन्तर्निहित शान्तिको अनुभव गराउने मार्गदर्शकको खाँचो पर्दछ। यस्तो अवस्थामा मलाई प्रेम रावतजीको शान्ति सन्देश वास्तवमै आत्मविश्वास र हौसला प्रदायक लाग्छ।

समय क्रममा बाह्य जिम्मेवारीहरू बढ्दै गयो । अनेकन् कार्यव्यस्तताले सन्देशसँग नियमित जोडिरहन निकै कठिन हुन थाल्यो। समय निकालेर केन्द्रसम्म पुगिरहनुपर्ने, घरमै बसेर डीभीडी, टीभीमा हेर्न सुन्न पनि अनुकूल नहुने जस्ता समस्याहरू रहे । म सन्देश सुन्नबाट बञ्चित हुन थालेँ । तथापि, यो सन्देशले जब म टुट्न लाग्थें, मलाई जोड्न मद्दत गर्थ्यो । जब-जब मेरा पाइलाहरू डगमगाउँथे, मेरा खुट्टालाई दह्रो बनाउँथ्यो । मनले दुःखको दौड दौडाउँदा हृदयको चौतारीमा विश्राम गर्न सम्झाउँथ्यो। मैले बाटो बिराउँदा सही मार्गदर्शन दिन्थ्यो। म अशान्त भएर हिम्मत हार्दा मलाई आशाको डोरो प्राप्त हुन्थ्यो, हौसला मिल्थ्यो । यस्तो सन्देशसँग टाढा रहनुपर्दा आफैंलाई आफ्नो अस्तित्वसँग टाढा भएको जस्तो पनि लाग्थ्यो।

एकदिन शान्ति सन्देशसँगै जोडिनुभएका पुरानो मित्रसँग मेरो भेट भयो। कुराकानीका क्रममा मित्रसँग मैले मेरो बाध्यता सुनाएँ। उहाँले भन्नुभयो- 'अहिले त शान्ति सन्देशसँग जोडिन कहाँ गाह्रो छ र ! तपाईं कतै यात्रा गर्दा या घर, अफिस, रेस्टुरेन्ट, पार्क जहाँ पनि आफू अनुकूल समयमा आफ्नै कम्प्युटर, ल्यापटप, मोबाइलबाट सहजै शान्ति सन्देश हेर्न-सुन्न सकिन्छ नि ।' मलाई पनि डुब्न लागेको मान्छेलाई हातमा समातेर बचाएजस्तै भान भयो।

मैले सोधेँ- 'त्यसका लागि के गर्नुपर्छ त ?' उहाँले भन्नुभयो- 'टाइमलेस टुडे भन्ने एप बनेको छ। त्यसमा आफ्नो व्यक्तिगत खाता खोलेर जुनसुकै बेला शान्ति सन्देशको लाभ लिन सकिन्छ। तपाईंले www.timelesstoday.com.np मा गएर सदस्यता सब्सक्रिप्सनको सामान्य प्रक्रिया पूरा गर्नुपर्ने हुन्छ । टाइमलेस टुडे मार्फत प्रेम रावतजीको संसारमा हुने प्रायः सबै कार्यक्रमहरूको प्रत्यक्ष प्रसारण पनि हुन्छ र अन्य थुप्रै समसामयिक विषयहरूमा उहाँले दिनुभएको रेकर्डेड सन्देशहरू पनि हेर्न-सुन्न सकिन्छ। यी कार्यक्रमहरू अडियो मात्रै र अडियो-भिडियो दुवै माध्यममा आफ्नो इच्छा अनुसारको सदस्यताको साथ उपलब्ध हुन्छन् । यसका साथसाथै premrawat.com नामक वेबसाइट र premrawatofficial youtube channel मार्फत पनि उहाँको सन्देशसँग जोडिरहन सकिन्छ नि।'

मलाई ढुङ्गा खोज्दा देउतै मिले जस्तो भयो। त्यसपछि त अहिले म फेरि सन्देशसँग सहज रूपमा नियमित जोडिरहेको छु। कतै यात्रा गर्दाको समयमा, गाडीमा, हवाइजहाजमा होस्, ट्राफिक जाममा फसेको समय होस् या घर, कार्यालयमा एकैछिनको फुर्सदमा पनि मलाई हौसला र प्रेरणाको आवश्यकता परेपछि म लाभ लिइरहेको छु। अहिले त अरूलाई पनि सुनाउन पाइरहेको छु।

- विशारद शर्मा

कथा

## शिष्यको दम्भ : गुरुबाट भङ्ग !

एकपटक एकजना शिष्यलाई घमण्ड उत्पन्न भयो । उनलाई लाग्यो- 'म ज्ञानी छु। ममा भएको ज्ञानका कारणले म कहिल्यै पनि भ्रमित हुन्न ।' एकदिन उनले आश्रममा महर्षिकहाँ गएर सोधे- "मेरा लागि कुनै आज्ञा छ ?"

महर्षिले भने, "आऊ बस न। केही कुराकानी गरौँ।"

दुवैजना कुराकानी गर्न थाले । कुराकानी गर्दागर्दै दुई घण्टा बित्यो।

महर्षिले शिष्यलाई भने, "मलाई तिर्खा लागेको छ। मेरा लागि पानी ल्याइदेऊ न त !"

तब शिष्यले भने, "म अहिल्यै गएर ल्याइहाल्छु।"

उनले गिलास हातमा लिए। नदी नजिकै थियो। त्यहाँ पानी लिनका लागि गए। उनी त्यहाँ पुगे तर नदी अलिकति गहिरो थियो । उनी पानी उघाउनका लागि भनेर यसो निहुरिएका त अचानक नदीमा खस्न पुगे । उनलाई म डुबिरहेको छु भन्ने महसुस भयो । त्यसपछि उनी बेहोस भए । आफूलाई के भयो भन्ने कुरा उनलाई थाहा भएन ! केही समयपछि उनको आँखा खुल्यो । एकजना निकै राम्री युवतीले उनको हेरचाह गरिरहेकी रहिछन्। उनको निधारमा तौलियाले पुछिरहेकी थिइन्। शिष्यलाई उनी को थिइन् भन्ने कुराका बारेमा थाहा थिएन। उनलाई 'ती युवती को हुन्, म कहाँ छु, कसरी यस स्थानमा आइपुगेँ' भन्ने बारेमा कुनै पत्तै भएन । यसै क्रममा ती युवतीसँगको उनको माया बढ्न थाल्यो । माया बढेपछि ती शिष्यले युवतीसँग विवाह गरे । विवाह भयो। बालबच्चा पनि भए। जागिर खान थाले। सबै कुरा भयो। उनले अन्य सबै कुरा बिर्सिसकेका थिए। उनलाई 'म स्वयम् को हुँ' भन्ने कुरै थाहा भएन। कसरी त्यहाँ पुगियो भन्ने पनि थाहा भएन !

धेरै समय बितिसकेको थियो । एकदिन ती शिष्य नदीको किनारतिर घुम्नका लागि निस्किए । उनले नदीको एकदमै स्वच्छ पानीलाई नियाले। नदी एक सुरमा बगिरहेको थियो । एकदमै रमणीय वातावरण थियो । चराचुरुङ्गीको चिरबिर सुनिन्थ्यो। चिसो-चिसो हावा बहिरहेको थियो। सबै कुरा मनोहर लाग्थ्यो। त्यसैबेला अकस्मात् शिष्यले सम्झन पुग्छन्, उनलाई ख्याल आउँछ- "म यहाँ कसरी आइपुगेँ ! महर्षि त मेरो पर्खाइमा हुनुहुन्थ्यो । म उहाँका लागि पानी ल्याउन भनेर निस्केको थिएँ। कति वर्ष बितिसक्यो ? मेरो त विवाह पनि भइसक्यो। मेरा बालबच्चासमेत भइसके। हैन, यो के भइरहेको हो !" उनी दगुर्दै-दगुर्दै महर्षिकहाँ पुगे।

जसै उनी त्यहाँ पुगे । महर्षि त अझै पनि त्यहीं बसिरहेकै थिए। त्यसपछि ती शिष्यले हात जोडेर भन्न थाले, "महाराज ! मबाट एकदमै ठूलो भुल भयो । म त कति वर्षसम्म हराउन पुगेँ । हजुरले मलाई पर्खिरहनुभयो । हजुरलाई त साह्रै धेरै तिर्खा लागिसकेको होला !"

महर्षिले शिष्यतर्फ फर्किएर भने, "अहिले भर्खरै त मैले तिमीलाई पठाएको थिएँ।"

तब शिष्यले भने, "यो मलाई के भइरहेको होला ?"

महर्षिले भने, "केही पनि भएको छैन । तिमीलाई 'म कहिल्यै हराउन सक्दिन' भन्ने घमण्ड थियो। म के बताउन चाहन्थेँ भने हराउनका लागि कत्ति पनि समय लाग्दैन।"

जब मानिस हराउँछ नि तब उसलाई 'मलाई प्रकाशको आवश्यकता छ' भन्ने कुरासमेत पनि थाहा हुँदैन। 'मैले कतै जानु छ। म यो संसारमा आएको छु र एकदिन मैले यहाँबाट जानुपर्नेछ।' उसलाई यति कुराको पनि ख्याल रहँदैन। मानिस त 'आफू कहिल्यै मर्दिन' भने जसरी आफ्नो जीवन जिइरहेको हुन्छ। त्यस दिनदेखि ती शिष्यले नयाँ पाठ सिके।

## गुरुपूजा विशेष प्रसारण

**प्रेम रावतले आफ्ना गुरुको देहावसानपछि सन् १९६६ जुलाई ३१ देखि शान्ति सन्देश तथा आन्तरिक शान्तिको अनुभूति गर्ने विधि प्रदान गर्ने उद्देश्यले गुरुको जिम्मेवारी सम्हाल्नुभयो। सोही विशेष दिनलाई हामी गुरुपूजाका रूपमा मनाउँदै आएका छौँ । यही अवसरमा उहाँले दिनुभएको विशेष सन्देश ३१ जुलाई बिहान ८:१५ बजेदेखि टाइमलेसटुडे तथा 'प्रेम रावत अफिसियल' युट्युब च्यानलमा उपलब्ध हुनेछ । आफ्नो अनुकूल समयमा उक्त कार्यक्रमको लाभ लिन सकिनेछ।**

कविता

## गुरु र ज्ञान

श्वासलाई थोपा सम्झे जीवन सागर रै'छ
प्रकृति त्यो हृदयको बुझे स्वर्ग यहीं छ ।

गुरुविना हुन्न ज्ञान हुन्न ध्यान सार
जीवन-जगत् रहस्य यो अनौठो अपार ।

मानिसले मानिस भई बाँच्ने प्रेम धार
जति बुझ्यो उति मीठो भाव चमत्कार ।

कल्पनाको भ्रम चिर्दै अनुभवको बाटो
डोऱ्याउँछन् मार्गदर्शक प्रेमको त्यो नातो ।

चेतना छ- देख्न, सुन्न, जान्न सक्छौं हामी
गुरु भन्छन्- आत्मज्ञान बुझ्ने भाग्यमानी ।

-दिनेश

स्वयम्लाई चिन्नुहोस्, जीवनमा सचेत हुनुहोस् र हृदयलाई कृतज्ञताले भरिपूर्ण तुल्याउनुहोस् । -प्रेम रावत

# कोरोनाकालको शिक्षा : नवीन सुरुवात !

कोभिडपश्चात् अनेकन् समस्याससँगै धेरै परिवर्तनहरू भए । एक हिसाबमा एउटा नयाँ सुरुवात भएको छ । यद्यपि, धेरै मानिसहरू यो संसारबाट बिदा भइसक्नुभएको कुरालाई हामीले भुल्नु हुँदैन । हामीले उहाँहरूलाई फर्काउन त सक्दैनौं । हामीले उहाँहरूलाई आफ्नो सम्झनामा जीवित राख्न सक्छौं । अब अघि बढ्नुपर्ने आवश्यकता छ । यो संसारमा सुख-दुःख हुन्छ । सबैभन्दा ठूलो कुरा नै तपाइँ जीवित हुनुहुन्छ । यद्यपि, तपाइँका लागि तपाइँ जीवित रहनुको अस्तित्व के रहन्छ ! हामी आफ्नो जीवनलाई पुनः प्राप्त गर्न सक्छौं भने जसरी जिउँछौं । 'हामी पहिला यहाँ थियौं र अहिले फेरि यहीं आएका छौं' भन्ने कुराको कुनै पनि प्रमाण छैन ।

मूल कुरा हामी अघि बढ्नुपर्छ । यसमा पनि आफ्नै चुनौती हुन्छन् । वास्तवमा मानिसहरूमा सिकाइ भएको छ । तथापि, अघि बढ्ने कुरामा सोच-विचार अत्यावश्यक हुन्छ । पहिला जीवन जसरी चलिरहेको थियो त्यसरी होइन । आफूसँगै रहने काम सजिलो हुँदैन । जीवन जसरी व्यतीत गरिरहनुभएको थियो त्यसबाट के फाइदा भयो ? थोरै मात्र नभएर सकेसम्मकै बोझलाई बोकिएको थियो । 'मेरो त्यस कुराको के होला, यस कुराको के होला ! त्यो सबै सकियो ! मेरो जागिरको के हुन्छ ? त्यो पनि सकियो ।' यो अघि बढ्ने अवसर हो । यदि अघि बढ्ने हो भने गह्रौं बोझलाई होइन, थोरै मात्रै बोक्नुपर्छ किनभने घाँटी सीधा हुनुपर्छ । बाङ्गिनु हुँदैन ।

> यो जीवनरूपी आइसक्रिम पग्लिरहेको छ तर तपाईंलाई यसको वास्ता नै छैन । दुईघण्टापछि खाउँला भने जसरी तपाइँ जीवन बिताइरहनुभएको छ ।

गर्मीको समयमा त आइसक्रिम निकै मीठो हुन्छ । तर, यदि तपाइँ बाहिर हुनुहुन्छ या फ्रिज (रेफ्रिजेरेटर) छैन भने तपाईंले त्यसलाई दुई घण्टापछि खान्छु भन्न गाह्रो हुन्छ । त्यो हातमा पर्नासाथ खानुपर्ने चीज हो । यदि तपाईंले आइसक्रिमलाई कदर गरे जसरी आफ्नो जीवनको कदर गर्ने हो भने तपाइँ कहाँबाट कहाँ पुगिसक्नुहुन्थ्यो । यो जीवनरूपी आइसक्रिम पग्लिरहेको छ तर तपाईंलाई यसको वास्ता नै छैन । दुईघण्टापछि खाउँला भने जसरी तपाइँ जीवन बिताइरहनुभएको छ । तपाईंलाई राम्रोसँग थाहा हुनुपर्छ- दुई घण्टापछि यो खानलायक नै रहँदैन ।

जाँतो त घुमिरहेको छ । केवल कुनै कारणले तपाइँ यो जाँतोबाट अलिकति जोगिएर रहनुभएको छ । जान्नुभयो, बुझ्नुभयो भने त बाँचिरहनुहुन्छ । नत्र त फर्केर त्यही जाँतोमा पिसिनुपर्छ । आफ्नो जीवनतिर ध्यान दिनुहोस् । के गरिरहनुभएको छ भन्ने कुरामा ध्यान दिनुहोस् । आजको दिनमा ध्यान दिनुहोस् । तपाईंले प्राप्त गर्नुभएको हरेक क्षणमा एकाग्र हुनुहोस् । यदि तपाईंले ध्यान दिनुभयो भने तपाईंको जीवन सफल हुनेछ ।

> तपाईंले केही कुरा त यो कोरोना कालबाट पनि सिक्नुभएको छ । यसलाई अघि राखेर हिंड्नुहोस् । आफ्नो जीवनलाई सुधार गर्नुहोस् ।

यो संसारमा शान्तिको चाहना राख्ने मानिसहरू धेरै छन् । तर, पनि लडाइँ भइरहेकै छ । यदि यसैलाई 'मानिसको प्रकृति हो' भन्ने हो भने यो गलत कुरा हो ।

सत्यको पनि केही अस्तित्व हुन्छ । हाम्रो समाजले यदि त्यो सत्यलाई बेवास्ता गर्न थाल्यो भने धेरै ठूलो समस्या हुन्छ । सत्य के हो ? सत्य त यो श्वास हो । यो तपाईंभित्र आइरहेको छ अनि गइरहेको छ । तथापि, तपाइँ यस कुरालाई सत्य नमानेर बरु झुटै मान्नुहुन्छ । जुन दिन यसले आउन छोड्छ नि त्यस दिन तपाईंलाई यो चीजको सत्यता थाहा हुनेछ किनभने यसको अभावमा तपाइँ केही पनि होइन ।

सबैजसो आफ्नो निजी फाइदामा लागिरहेकै छन् । त तपाइँ पनि आफ्नो फाइदाका लागि लाग्नुहोस् । तपाईंको हित केमा छ ? तपाईंले केही कुरा त यो कोरोना कालबाट पनि सिक्नुभएको छ । यसलाई अघि राखेर हिंड्नुहोस् । आफ्नो जीवनलाई सुधार गर्नुहोस् । यसमा आनन्दको बहार ल्याउनुहोस् । आफ्नो जीवनलाई सफल बनाउनुहोस् । आफ्नो भलाइतिर लाग्नुहोस् । यदि तपाईंले यसो गर्नुभयो भने तपाइँ यो संसारमा आउनुको कुनै सार्थकता रह्यो । तपाइँ जीवित हुनुको कुनै महत्त्व रह्यो । अनि, यसको साक्षी को हुन्छ त ? अरू कोही हुँदैन, तपाइँ नै हुनुहुन्छ । आफूले आफूलाई चिन्नुहोस् । आफूलाई पहिचान गर्नुहोस् ।

यस प्रेरणा पत्रिकामा प्रकाशित सामग्रीहरू- 'गुरु-शिष्यको सम्बन्ध र ज्ञानको अनुभव', कथा, र 'कोरोनाकालको शिक्षा : नवीन सुरुवात !' लेखहरूको विषयवस्तु प्रेम रावतको सन्देशबाट साभार गरी अनुवाद गरिएको हो । उहाँ मानवता र शान्तिका विषयमा चर्चा गर्ने अन्तर्राष्ट्रिय वक्ता हुनुहुन्छ ।